LIBRARY : It is encouraging to know that the Government is paying more and more attention to providing library books especially in the academic institutions so that the pupils may receive maximum benefits from a well-stocked library. To this end, the School has received a library grant out of which a good number of Nepali and English books have deen purchased. It is interesting to note that the students are delighted with this acquisition of books and are taking full advantage of this facility.

SCHOOL HOSTEL : In spite of the spiralling rise in the cost of essential commodities the hostel is compelled to manage itself within the hostel fee for each boarder per month fixed by the School. This calls for special type of planning, foresight and thought on the

part of the hostel administrators. In the management of the hostel, the Superintendent is assisted by his teacher colleagues. It is sad to note the callousness on the part of the guardians who do not pay up the hostel fees in time. The authorities may be compelled to take three months advance payment in the next session to ward off this difficulty.

SCHOOL FOUNDATION-CUM-ANNUAL PRIZE DAY: This year Mr. P. P. Mukhia, one time Head Master of S. U. M. I. (now retired) presided over the function and gave away the prizes in connction with the Annual School Foundation-cum-Prize Day, held on 15 April 1981. In his speech, he recalled his time of service in this Institution. While wishing further progress, he encouraged the students to prosecute their studies deligently and serve the cause of society as worthy citizens faithfully.

SCHOOL SPORTS/SOCCER XI: As usual, the annual Annual Sport Day was held at the local Mela Ground on 2 October, 1981. Mr. R. R. Deb, WBCS the Sub-Divisional Officer, Kalimpong, presided over the function. Mrs. Deb gave away the prizes. We were delighted to see a growing number of young participants stepping forward to compete in the atheletic meet. Needless to mention; the public turned out in large number to watch the sports.

Like other years the School contingents, composed of eight traditional Houses the NCC Cadets and Cubs participated in the Independence Day march past and thrilled the audience with the uniformity of dress, drill and discipline. The School participated in the divisionless tournament. The School A played against the formidable Boy's Club team which was reinforced with better players and contrary to all expectations, was declared a winner on the basis of highest number of goals scored. Two School Mini Teams participated in the Mini League, 1981. Both teams made upto group qualifying round but both lost in the semi-final. We hope for a better performance next year. Again, two teams participated in the Independence Day Shield Tournament—School B bowed out in spite of valient efforts. School A thrashed out all the opponents on the way and marched on to the final by defeating Himalshree XI by 3 goals to nil, thus carrying away the coveted Independence Day Shield for the second consecutive year. In the J. P. Dorjee Knock-out Football Tournament, the School A was declared a joint winner and by toss of coin was privlieged to retain the trophy for the first six months. In ths Permanand Goel Mini Trophy, we fielded two Mini teams this time. Mini B could not do well as anticipated, while Mini A went up to the final and came out in winning colours, defeating St. Augustine School by a solitary goal.

In an effort to keep the sportsman spirit alive among the school students, an Inter House Football Tournament was held in early May, this year. It was indeed very interesting to observe the sportive zeal among the young enthisiastic participants The following are the results of this Tournament :—

From Division A - Winner - Mill House
Runner up - Ogg House
From Division B - Winner - Taylor House
Runner up - Sutherland House

From Division C - Winner - Laxaman House
Runner up - Ogg House

In the Annual School Sports (held on 2nd. October, 1981)-altogether 11 Divisions participated - 4 in the Primary and 7 in the Secondary sections. The following boys were adjudged the best atheletes of the year and were awarded the championship prize-division-wise :—

Senior Division RAJEEB GUPTA XA

Inter Division KAILASH SHERPA XB

Junior Division PURAN SITONG VB

Plus 2 Classes SHANTI MOTHEY

INTER HOUSE DEBATE COMPETITION : After a lapse of time once again the students entered the arena of Debate and as a result an Inter House Debate Competition was organised which generated high interest among the contestants. Although the first round did not evince the sparkling enthusiam, the second round moved on with the lightning effect. The quality of debate indicated high calibre, conscientious preparation and masterful delivery. The speakers presented their arguments in the best parliamentarian style. Even the House Masters were aroused by the students' interest to build up the tempo. In all, eight House participated and after a keen contest, Laxman House carried the day by a very narrow margin The Debate Competition was ably organised by Mr. K. R. Thapa, one of the Senior Secondary teachers.

PRIMARY SECTION In the Primary Section three existing incumbents have been approved by the Education Department. But in spite of that as the 'work load is heavy, two new teachers have been appointed on a temporary basis to cope with the situation.

STAFF QUARTERS : We note here with sadness that the Staff quarters meant for teachers serving at present have been in some cases, occupied by members of staff and their families who are no longer attached to the Institution. Now, as forcible occupation of land and construction of houses have begun, the Institution is taking necessary steps to stop these and vacate the illegal occupation of the quarters so that deserving staff at present may be alloted quarters.

PUBLIC EXAMINATION RESULTS : We are indeed very glad to present our School's academic performance in the following manner :

In the Madhyamik Examination held this year, 105 candidates appeared, out of whom 3 stood in the 1st. Division, 33 in the 2nd. Division, 39 in the 3rd. Division and 14 in P Division.

In the Higher Secondary Council Examination, altogether 77 candidates appeared in the 'General Stream. Out of this, 33 passed in the 2nd. Division, 30 passed in the P Division and results of 12 students have been withheld. In the Vocational Plus Two, altogether 23 students were sent up for final examination. Out of this, 2 stood in the 1st. Division, 15 in the 2nd. Division and 2 got compartmental.

K. P. S. TRAINING CENTRE : In order that the Institution may contribute its mite towards solving the unemployment problem, the school has given permission

to the Agriculture Dept. to run the K.P.S. Training Centre in part of the College Hostel on a temporary basis. It was inaugurated on the 28th September 1981 by the Hon'ble Minister-in-charge of Agriculture Shri Kamal Guha. At present 20 are undergoing training as KRISHI PRAYUTI SAHAYAK and directly after they finish the training of six mohths they will be absorbed in the Dept. and complete their next six months training in service.

In conclusion, my thanks are due to all my painstaking colleagues, the School Captain, Vice-Captains and Prefects for their unstinted co-operation especially during the pressing circumstances when I had to be away to attend to duties other than academic. Through the thick and thin, they have been my closest associates, helping to held the fort in the midst of storm and stress. Finally, I hope that under God's guidance the Institution will move forward on the path of greater progress and prosperity.

Sd./- P. R. Pradhan
Principal

New Session

The School Re-opens On The 4th Of February 1982 And The K.G. Section On 1st Of March 1982.

Wishing you all a Merry Christmas and Brigt and Happy New Year.

The Reception of the Hon'ble Minister-in-charge of Agriculture Shri Kamal Guha in the inauguration ceremony of the K.P.S. Centre, S. U. M. I. Kalimpong

The Reception

Guard of Honour by the N.C.C. Cadets of S. U. M. I.

The distinguished visitors with the Ag. & Sc. Boys of Class XI, S. U. M. I.

Sitting L to R

The Principal Shri P. R. Pradhan, The Deputy Collector, Darjeeling Shri A. K. Deb, I.A.S., The Hon'ble Minister Shri K. Guha, The Director Agriculture Shri B. Mondal.

Standing extreme Right—Dr. Tribedi, Principal Agriculture Officer

Editorial

The twenty seventh volume of 'Sumite' annual magazine is in your hands. This multilingual magazine has all along been a source of inspiration to young and budding writers. An article printed in the magazine has always been a matter of joy and pride to these young writers.

It is remarkable and a thing to be noted that Sumite has been printed and published regularly in time since the last twenty five years or so. This is a record for any School magazine. I would like to thank all the sectional Editors for their unstinted devotion towards their work in bringing out the magazine in time. I would also like to congratulate all the young writers for their endeavour.

\+ + + +

Educational Institutions not only give training in the three R's but also give an opportunity to develop the innate qualities of human beings. These qualities later help young men in being able to go and face the wider world with confidence. The gratitude felt for the success in life by our former students is obvious from the flood of letters our old boys write to their old school. Some of them go out of their way to have the opportunity of seeing their old School and their old teachers. This spirit should always be inculcated in the students who pass between the portals of this alma mater.

\+ + + +

We hear about military tradition among the martial community. But this is rare in the field of education. Yet there is an exception to this in this Institution as we find generations of teachers serving in this Institution not to speak about two generations serving the same period of time! This spirit has no doubt given an aura of nobility to the profession which goes a long way in keeping the flag of Education fluttering high.

For the information of the students and the general readers I give the following figures :

A. One family with four generations of teachers.
   One family with three generations of teachers.
   Eleven families with two generation of teachers.
B. Out of the total number of eaching and non teaching staff in the whole school 39 are products of our own Institution.

\+ + + +

Of late, we find that there has been an increase in the opportunity of getting training in Technical and Higher Education particu-

larly in Agriculture Animal Husbandry and Dairy Science. This has been possible due to the opening of the Plus Two Science and Vocational streams in this Institution. Many students who have completed the Plus Two Course are doing good in Kalyani University and Viswa Bharati University.

We do hope that the students will keep up the name of the Alma Mater in the future years.

Sd/- *B. K. Subba*

Appeal for centenary Fund

The School completes a hundred year of memorable and fruitful existence on 31st March 1986

The Staff Council and the Board of Management S.U M. Institution have decided to observe this occassion in a befitting manner and as a centenary memoriam decided to have a commodious auditorium completed by February 1986.

The estimated amount at the present price schedule has been fixed at Rs. One Lakh and fifty thousand. The School has from 1977 academic session started raising funds for the purpose.

The School appeals to all friends, welwishers both within and without the country as well as ex-students to donate generously for the purpose.

Any amount sent to the Headmaster for the purpose will be thankfully accepted.

(ANSWER TO RAINDROPS PUZZLE)
MARY, URMILA. RAMALA, JOSEPH

A . —	F — — .	L — . — . .	Q — — . —	V . . . —
B — . . .	G . . — .	M — —	R . — ,	W . — —
C — . — .	H	N — .	S . . .	X — . . .
D — . .	I . .	O — — . —	T —	Y — . — —
E .	J . — — —	P . — — .	U . . —	Z — — . .

सुमाइट

कालिम्पोङ

१९८१

'सुमी' बिदा तिमीलाई

पद्मा टोमस नाम्ख्यो
बाह्रौं श्रेणी 'कला'

लौ है 'सुमी'
म ता जानपर्‍यो
छाड़ेर तिमीलाई
सिङ्गो जिन्दगी बोकेर
संघर्ष गर्न जानपर्‍यो
रित्तो खोक्रो
अज्ञानताको झोली बोकेर
आएको थिएँ तिमी कहाँ
लौ है परिपूर्ण भएर
म ता जानपर्‍यो
तिम्रै सुमार्गमा हिँड़ेर
हाँस्न, रुन जानपर्‍यो
'सुमी' तिमीलाई छाड़ेर।

यो जीवन

प्रितम राणा
एघारौं श्रेणी 'कृषि-विभाग'

क्षणमै बितिजाने यो जीवन,
हर्ष-अनर्थको भाव रचेर,
पेटको ओढ़ारमा ज्वाला बोकेर,
आँधीको माँझमा बलेको दीयो जस्तो,
बेलुकी-साँझ अस्ताएको सूर्य जस्तो,
मिलन-विछोड़को माँझमा,
बितिजाने यो जीवन !

सावनको भेलझैं जताततै पोखिएर,
मनभरि एउटा आशा बोकेर,
रुखो चट्टानमा सुनाखरी फुले जस्तो,
काँढ़ाको माँझमा गुलाब हाँसे जस्तो,
हुरी - बतासको माँझमा,
बितिजाने यो जीवन !

वर्षाको झरीमा भिजेर,
आँखाभरि खुशी सजाएर,
नदीको किनारमा बनेको बालुवाको घर जस्तो,
पल्-पल्मा बिलाइजाने शीत जस्तो,
घाम-छाँयाको माँझमा,
बितिजाने यो जीवन !

हरेक बाटोमा ठक्कर खाएर,
हृदयभरि माया र ममता बोकेर,
क्षणमै ओइलिझर्ने फूल जस्तो,
अविराम बगिरहने खोला जस्तो
सुख - दुःखको माँझमा,
बितिजाने यो जीवन !

विकिरण परमाणु बम
(न्युट्रन बम)

हिमाद्री कुमार थापा
दशौं श्रेणी 'ख' वर्ग

हालसालै अमेरिकाद्वारा हाम्रो आधुनिक सभ्यतामा एउटा प्राणघातक बमशिराको आविष्कार भएको छ । यसको नाम विकिरण परमाणु (न्युट्रन बम) हो । अमेरिकी वैज्ञानिकहरूको धेरै सालको खोज, प्रयोग र जाँचले यो बमको आविष्कार भयो । यो बमले न्युट्रनको मृत्यु किरण (Death rays of Neutron) फर्काउछ अनि बमको प्रभाव यति विनाशकारी छ, एक किलो टन वजनदार प्रक्षेपास्त्रले एक किलो मिटर अर्द्धव्यास भित्रको सम्पूर्ण जन संख्याको विनाश केही घण्टा भित्रमानै गर्छ ।

प्राणघातक बम भएर पनि विष्फोटनको समयमा यस बमले भयानक मात्रामा ताप उत्पन्न गर्दैन, औ यसको विष्फोटन पनि वर्तमान परमाणु बमझैं भयोत्पादक नभए पनि यसले

रश्मिकिरणद्वारा जुन प्रकारको क्षति पुऱ्याउँछ त्यो अद्वितीय छ । यो न्युट्रनले लामो दूरी गोलीको रफ्तार झैं केही घण्टा भित्रनै आफ्नो क्षेत्र भित्र भएको जीवित प्राणीहरूलाई मार्छ । यो नयाँ आविष्कारको बारेमा यो भनिन्छ, तुलनात्मक दाममा सस्तो र घेरै विनाशकारी शक्ति भएको छ, यसले ठूला ठूला भवन, स्मारकहरूलाई क्षति नपुऱ्याई थोरै समयमानै मानिसहरूको विनाश पार्छ ।

न्युट्रन, जसबाट यो बमको नाम दिएको छ, यसको आविष्कार १९३७-मा भएको हो । यो परमाणु धुम्रकेतु (Atomic Nucleas) को दुइवटा मध्ये एउटा हो । यसको विद्युत शक्ति हुँदैन र यो सुक्ष्मकण (Proton) जस्तै करण-परण शक्ति (Positive charge) हुन्छ, जो यही धुम्रकेतु (Nucleas)-को अर्को नाम हो । यो विद्युतयुक्त तटस्थ (electrically Nutron) भएकोले, गर्दा न्युट्रनको रफ्तार बन्दुकबाट गोली उड्केको झैं हुन्छ । यो कहिले काहिँ मात्र उद्जन (Hydrogen) प्राणवायु (Oxygen) अंगार गोल (Carbon) र अप्राणवायु (Nitrogen) सित ठोकिन्छ । नाम मात्रको परमाणु बम, ठोकिए पनि यसको प्राणघातक क्षेत्र १.७ किलोमिटरहुन्छ, विशेषज्ञहरूको भनाई अनुसार न्युट्रन बममा प्लुटोनियम (Platanium) र युरानियम (Uranium) को सट्टामा ताप नाभिकार्य समिश्रण तेल (Thermo Nuclear Fusionfuel) जस्तै उद्जन (Hydrogen) चलाइन्छ, कारण त्यही शक्ति (energy) भएको कोषा (Fission) विष्फोटन भन्दा समिश्रण (Fusion) विष्फोटनले दश गुणा धेरै न्युट्रन पर्याक्छ । यो न्युट्रन बमलाई 'टाइ नाइट्रो टेलुइन' (TNT) जस्तै साधारण उच्च विष्फोटन र अरू संचय तरंग (Stock wave) जस्तै अपरमाणिक (Non-atomic) साधनले जलाउन सकिन्छ । यसरी विस्फोटित बमले कोष भाजनविहिन परमाणु अस्त्र प्रयोग गरेर अणु-प्रयोगमा एउटा नयाँ उपायको आविष्कार गरेर नैतिक उपयोगमा सफलता ल्याएको छ ।

परमाणु बमले विष्फोटक तरंग (Blast wave), उष्ण तरंग (heat wave) र न्युट्रन द्वारा विनाश गर्छ । न्युट्रन बममा यही भिन्नता छ, यसले थोरै समयमा धेरै न्युट्रनहरू उत्पन्न गराउँछ तर विष्फोटन र ताप उत्पन्न हुँदैन । विष्फोटनको नजीक भएका जीवित प्राणीहरूको केन्द्रीय तन्त्रिका-तन्त्र (Central Nervous System)-मा हमला गरेर त्यहीं मार्छ, तर घर र अरू नीर्जिव वस्तुलाई केही क्षति पुऱ्याउँदैन । यसै कारण न्युट्रन बम आजको एउटा प्राथमिक हतियार हो, जसले वस्तुहरूलाई क्षति पुऱ्याउन सक्तैन । न्युट्रन बमको नयाँ आविष्कारले गर्दा संयुक्त राष्ट्र अमेरिकाले सैनिक उच्चता (Superiority) पाएको छ । तर यस आविष्कारले कटु-आलोचना विशेष देशबाट मात्र नभएर संसारका सबैदेशहरूबाट पनि भएकोछ ।

पर्खाल

अरुण राई
श्रेणी—एघारौं
भाग—विज्ञान

चारैपट्टि पर्खाल—पर्खाल रहेर,
अकालै - अकाल भएर,
हाम्रो जिन्दगीलाई कक्राइरहेछ, चेप्टाइरहेछ,
खोंगीमा भरेलाई गरिए झैं,
फ्रेममा फोटो सजिए झैं ।
अब, विद्रोहको मुडकी लिएर,
क्रान्तिको घुर्की दिएर,
हामीले पर्खाल तोड्न पर्छ—अस्तित्वको निम्ति,
पर्खाल फोड्न पर्छ—महत्वको निम्ति,
पर्खालसित लड्न पर्छ—जातित्वको निम्ति ।
हामी पर्खाल-बद्ध छौं, रुद्ध छौं,
हामी पर्खाल पछाडिका दृश्यहरूसित अपरिचित छौं,
हामी पर्खाल अघाडिका दृश्यहरूसित परिचित मात्र छौं,
परिचत छौं—केवल पर्खाले-पर्खालिसित,
केवल अकालै-अकालसित ।
यी पर्खालभित्र—मानवताको अपचार छैन ,
दुब्लो-मानवको महानताको प्रचार छैन,
पाल्लो-मानवको योग्यताको प्रसार छैन ।

यी अवगलभित्र—महाकविहरूका असामयिक निधन हुन्छन्,
लेखकहरूका अस्वाभाविक प्राण जान्छन्,
नाटककारहरूका अप्राकृतिक मरण हुन्छन् ।
यी पर्खालले छेकेको छ हाम्रो महानतालाई,
टेकेको छ योग्यतालाई,
मेटेको छ जातित्वलाई ।
हामीमा योग्यता भएर पनि,
प्रतिभा भएर पनि,
क्षमता भएर पनि,
हाम्रो असल परिचय दिन असमर्थ छौं,
असमर्थ छौं यही पर्खालले गर्दा,
यही पर्खालिसत हार्दा ।
यसर्थ आऊ ए: पर्खालपिडित हो,
पर्खालरहित हो,

पर्खालसिमित हो ;
एकैसाथ, स्टालिनका अप्रत्याशित सेनाभैं,
हिट्लरका विश्व-चकित, विश्व-अचम्भित,
सेनासित भिड़िएझैं,
हामी पर्खालसित भिड़ौं,
पर्खालसित लड़ौं,
हाम्रो जय अवश्य हुन्छ,
विजय निश्चय हुन्छ ;
विजय हाम्रो प्रतीक्षामा छ,
अपेक्षामा छ।
हाम्रो हो जयमाला, जयगाना।
तर हामी पो, नून खाएको कुखुराले
निर्धो भयौं, दुब्लो भयौं ;
पर्खाल अवरोध भएर पनि,
कहिले जानेनौ विरोध गर्न,
मानेनौं प्रतिरोध गर्न।
अब विरोध गर्नुपर्छ विद्रोह गराएर
प्रतिरोध गर्नपर्छ क्रान्ति चलाएर ;
अब पर्खाल तोड्न पर्छ,
पर्खाल फोड्न पर्छ।
र, आउँदो पिढ़ीलाई,
त्यस्तो अशान्ति नहोस्,
क्लान्ति नहोस्,
हानी नहोस्,
भन्ने शुभकामना, मनोकामना र वन्दना गरी,
निर्धक्कसित लड़ौं बलभद्र झैं
निष्फीक्रिसित भिड़ौं अमरसिंहझैं,
निर्भयसित मरौं वङ्क शहीद झैं।

अभागी बिमल

बुद्ध बहादुर शाक्य
नवम श्रेणी 'क' वर्ग

"किन छिटो आइस् हँ—भन त ?" धनमतीले अँध्यारो मुख लाएर उभिरहेको बिमललाई सोधी ।

"....."

"बोल न, किन बोल्दैनस् ?"

"मेरो नाम सरले काटिदियो ।"

"किन ?' उसले फेरि प्रश्न गरी ।

"मैले सात महीनाको खजाना तिरेको छैन अरे ।"

"कल्ले भन्यो ?"

"सरले' यसैले अबदेखि स्कूल नआइज भन्यो ।"

"कति रुपियाँ तिर्नुपर्ने हो ?"

"एकाइस रुपियाँ ।"

धनमतीको मनमा च्वास्स घोच्यो । अस्तिको हप्तादेखि जोगाड़ गरेर राखेको पच्चीस रुपियाँ मात्र थियो । त्यो पनि यसपालिको सौदा ल्याउनु कि खजाना ? फेरि डाक्टर पनि देखाउनु छ । एक हप्ता भयो, काममा नगएको, राती ज्वरो आउँछ अनि खोकी पनि चल्दैछ । खोक्दा रगत पनि अलि-अलि आउँछ ।

उ यस संसारमा एक्ली भएकी छे, बाहेक उसको एउटा छोरा । बिहे गरेको दुइवर्षमै उसको लोग्नेको मृत्यु एउटा दुर्घटनामा परेर भएको थियो । यसरी उसको सिन्दूर पखालिएपछि त झन् उसको घरमा आँधी-बेहरी आयो । दुइ महीनाको पनि फेर नपरीकन दुवै सासु-ससुरा खसे । त्यसपछि उ यस संसारमा एक्ली भई, यसैले उ आफै कुली काम गरी आफ्नो छोरो बिमललाई स्कूल पढ़ाइरहेकी छ । यसकारण बिमलनै उसको आशा बनेको छ । उ बिमललाई हेरेर नै आफ्नो पतिलाई सम्झन्छे अनि सपना देख्छे । बिमल सात वर्ष पुगेको छ, अनि भखरै दुङ्गा क्लासमा पढ़िरहेछ ।

धनमतीले आँशु पुछिन् अनि सिरानीमुनिबाट पैसा निकालेर गनिन् ।

"ला, लैजा, भोलिदेखि स्कूल जानू ।"

बिमलको मुखमा फेरि एक प्रकारको ज्योति आयो, अनि गोजीभित्र हालेर बोल्यो—

"आमा खाना पाक्यो ?"

"पाक्यो जा हात धोएर आइज, म पस्किदिन्छु ।"

बिमल खाना खान थाल्यो । तर के सम्झ्यो कुनि फेरि खानाको गाँस मुखमा हालेर बोल्यो—

"आमा, आजु क्या त राजुको 'बर्थ डे' रैछ, यसैले त्यसले हामीलाई मिठाईपो खुवायो त !" धनमतीको मनमा एकपल्ट च्वास्स घोच्यो ।

"आमा मेरो 'बर्थ डे' हुँदैन ?"

"हुन्छ नि, भोलि पर्सि तँ पनि पढ़ेर ठूलो मान्छे हुनू अनि त्यसपछि धेरै पैसा कमाएर 'बर्थ डे' गर्नू ।"

बिमलले बाह्र परेर आमाको अनुहार हेऱ्यो ।

पानी परेको परेकै थियो, चारैतिर कुइरो हुस्सेलागेको हुनाले धुम्मिएको थियो, मानो प्रकृतिले आफ्नो सेतो शाललें पहाड़लाई ढाक्न चाहेकी छे अनि यो सेतो शाललाई चिसो हावाको झोंकाले हल्लाइदिन्थ्यो । समय समयमा गुड़ाङ-गुड़ुङ गरी मेघ पनि गर्जेन्थ्यो । दिउँसो के समय भए ता पनि अलि-अलि अँध्यारोनै थियो । यी सबै वातावरणहरू हेर्दा लाग्थ्यो मानो आज प्रकृति पनि रिसाएकी छे ।

× × × ×

"एई मलाई तेरो हिसाब सार्नु देन–" छिरिङ्गले बिमललाई भन्यो ।

बिमलले झोलाबाट खाता निकाल्यो र दिँदै भन्यो—

"हिज राजुले के–के दियो हँ ? म त घर गैहालें।"

"तँ त आएनस् नि, त्यसले पछि हामीलाई रेलगाड़ी पनि देखायो ।"

"खजाना तिरेको थिइनँ र पो त, आजु त त्याको छु नी ।"

"हिसाब सर पनि 'टप' नै हुन्छ है ? त्यसरी नाम काट्दिहाल्नु पाउँछ क्या है ?"

बिमलले 'हो' मा टाउको मात्र हल्लायो ।

"म भा' त बाबुलाई बोलाउने थिएँ, तँले पनि बोलाउनू नि !"

बिमल केही बोलेन ।

टङ ... टङ ... टङ गरी घण्टी लागे-पछि सबैजना हुरूरू निस्कन थाले । बिमल पनि बाहिर बरण्डामा आयो । छिरिङ्ग र राजुलाई उसका आमाहरूले लिनु आएका रहेछन् ।

"ए बिमल हामी त गयौं ल ?"

बिमलले हेऱ्यो मात्र, केही पनि बोलेन ।

"पानी थामिहाल्छ त्यत्तिछि जा न ।"

अब त प्रायः सबैजना गइसकेका थिए । खाली एक-दुइजना मात्र आफ्ना घरकाहरूलाई पर्खिरहेका थिए । तर पानी भने परिनै रहेको थियो । बिमलले एकपल्ट राजुहरू गएको बाटोमा टिठलाग्दो अनुहारले हेऱ्यो । अनि खाता कमोजभित्र हालेर, चेपेर बाहिर आएर यसो हात फैलाएर आकाशतिर हेऱ्यो र ओह्रालो कुदेथो । पानी परेको हुनाले बाटो चिप्लो थियो । यसैले केही तल पुगेको मात्र थियो चिप्लेर लड़िहाल्यो । खाताहरू छरपुस्ट भएर जम्मै भिजे, बिमलले निथ्रुक्क भए पनि खाताहरू टिप्न थाल्यो । घुँड़ा पाछेर रगत आउँदै थियो ।

× × × ×

गड़ाङ-गुड़ुङ गरी मेघ गर्ज्यो, यसैबेला घरर्र गरेको ठूलो आवाज आयो । घनमती पलङ्गबाट उठेर दैलो खोल्न पुगेको मात्र थियो घर नै पैहाले सोहेर लग्यो । मानिसहरू हाहा र हुहु गर्दै त्यतैतिर दगुरे, एकैछिनमा घर माटोमा दबिसकेको थियो । सबैजना मिलेर घनमतीको लाश निकाले । लाशको मुहारमा के-के कुरो भन्न चाहेको जस्तो थियो ।

× × × ×

बिमल उठेर घुँड़ाको रगत पुछेरछि फेरि पानीमा भिज्दै ओह्रालै दगुऱ्यो । बाटोमा उसले सम्झँदै थियो—आज आमालाई 'राइट' भा'को हिसाब देखाउँछु भनेर..... ... ... ।

———

यो अस्थिर मन

मनी कुमार थापा
एघारौं श्रेणी 'कृषि'

म सँझन्छु
यो सानो क्षुद्र मन होइन
यो आकाश भन्दा पनि
ठूलो मन,
कस्तो यो आश्चर्यको अस्थिर मन,
मभित्र पनि अटाउँछ
एउटा सानो माचिसको खोलभित्र पनि अटाउँछ
फेरि अटाउँदैन यो संसारको परिधिभित्र पनि।
जहाँ-तहाँ पुग्छ यो मन
सूर्य-चन्द्र नाँघेर
आकाशको नौलाखे तारा पनि
गन्न पुग्छ यही मन
म अटाउँछु यो मनभित्र
तर,
यो मन अटाउँदैन मभित्र,
म थाक्न हुन्छु, हार खान्छु
आपनै मनसित।
मैले आपनै मनलाई कायम राख्न सकिनँ
छरपष्ट भई दगुर्छ यो मन, जताततै
ठूला-ठूला शहरको गल्लीतिर,
अफिस-अफिसको ढोकातिर।
हिमालको चुचुरालाई पनि बाँध्नपुग्छ
समुद्रको गहिराइ भन्दा पनि तल - तल
के-के खोज्न पुग्छ, बिजुली भन्दा पनि छिटो
वायुभन्दा पनि छिटो, सूर्यको रश्मी भन्दा पनि छिटो
म हताश छु।
यो आपनै मनलाई वशमा राख्न नसक्दा, दिक्कलाग्छ
त्यसैले एउटा प्वालसम्म पनि नभएको
अँध्यारो कोठाभित्र आफैलाई थुन्छु
तर म थुनिए।
अनि
थुनिएन यो मन, त्यो कोठाभित्र पनि
कहाँबाट निस्केर गयो यो मन ?

पुगेछ कहाँ–कहाँ
भोट–मधेस जहिं तहिं
अब नपुगेको कहिं छैन,
सारा संसार नै घुमिसक्यो
ठूला–ठूला भवन र राजमहलहरूको
शौखिन र कुबेर परिवारदेखि
अग्नि-ज्वालाझैं भएर
विष्फोट भएर पड्कन खोज्दै
गरीबको-झोपड़ीदेखि
सम्वेदना प्रकट गर्दै भन्छ
अब म पनि हारें
यो मान्छे-मान्छेको असमानतादेखि,
भेद-भावदेखि, झोपड़ी र महलदेखि
भुसुना र हात्तीदेखि ।
अहँ, मलाई पटक्क मन परेन
यो संसारको क्रूर परिवेश
अब मलाई एकक्षण् पनि जिउने इच्छा छैन
मेरो हत्या गरिदेऊ ।
अनि यो माटोमुनि
भयाल-ढोका केही नभएको
अंध्यारो कोठाभित्र थुनिदेऊ ।

प्रत्येकको हातमा आफूलाई उपयोगी र यशस्वी, महान् र कीर्तिशाली बनाउने साधन छ, समय छ । प्रत्येक क्षण् र अवसर आत्मा सुधारमा लगाऊ र निम्रो आफ्नै हातले आफ्नो भाग्य बनाऊ । —[एडमन्ड एवरेट]

क्षेत्रीको छोरो यो पाउ छुन्छ, बितले छुँदैन,
मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन । —[मुना-मदन]

भोलि गर्ने काम आजै गर, आज गर्ने काम अहिले गर । —[कबिरदास]

साहित्यमा नाटक—केही चर्चा

—जे कार्थक

काव्य बारेमा विभिन्न विद्वान्हरूले बेग्ला बेग्लै मत प्रकट गरेका छन् । कुनै प्रकारको दोष नभई रीति, गुण, अलंकार, रस र वृत्तिले पूर्ण भएको कृतिलाई काव्य भन्दछन् भनी विद्वान्हरूले भनेका छन् । पंडितराज जगन्नाथले रमणीय अर्थ प्रतिपादन गर्ने साहित्यिक रचना नै काव्य मानेका छन् । विश्वनाथले 'रसात्मकं वाक्य काव्यम्' भनेका छन् । काव्यलाई दुइ वर्गमा बाँड़ेको छ— श्रव्यकाव्य र दृश्य काव्य । दृश्य काव्यमा नाटक आउँछ । साहित्य को अरू विधाभन्दा नाटकले मानव-जीवनलाई धेरै मात्रामा प्रभाव पार्छन् । ड्राइडनको भनाइ छ— नाट्यकाव्यको उद्देश्य केवल यही हुनुपर्छ, त्यसले दर्शकहरूलाई आनन्द गराओस् ।

नाटकको जन्म विषयमा पुर्वेली र पश्चिमी विद्वान्हरूको आफ्नै भनाई छन् । पुर्वेली नाट्य-शास्त्रका अगुवा भरतमुनि हुन् । उनको नाटक सम्बन्धी उत्कृष्ट ग्रन्थ 'नाट्यशास्त्र' -मा नाटक, रंगमंच, वेश-भुषा, रस, अलंकार इत्यादि विषयको चर्चा गरिएको छ ।

भरतमुनिको भनाइअनुसार नाटक ब्रह्माले सृजेका हुन् । पश्चिमी विद्वान्हरू मैक्समूलर, लेवी, हर्टेलले वेदलाई नाटकको जन्म-स्रोत मानेका छन् ।

डा० रिजवेको आफ्नो तर्क छ— कतिपय विश्वका जातिले मृत-आत्माहरूको श्रद्धा, आराधना गर्दै, ती मृत-आत्माहरूलाई खुशी पार्न नाँच्थे, गाउँथे । मृत-आत्माहरूको पूजा गर्थे । यस्तै रीति-रिवाजबाट नाटकको जन्म भएको हो ।

डा० पिशेलको मत छ— नाटकको जन्म कठ-पुतलीहरूको नाँच (पपेट-शो)-बाट भएको हो । यस सिद्धान्त अनुसार कठपुतलीहरूको नाँच भारतवर्षमा शुरू भई अरू देशहरूमा फैलिएको हो ।

कति विद्वान्हरूले भनेका छन्— 'मे पोल' पर्वबाट नाटक शुरू भएको हो । मई महीना आनन्दपूर्ण भएकोले उनीहरूले बाँसको लिङ्गो गाड़ी घेरा लगाई स्त्री-पुरुषहरू हात समाई गाउँथे, नाँच्थे । यही परंपराबाट नाटकको शुरू भएको हो ।

प्रो० लूईसको परिभाषा मुताबिक छायाद्वारा खेल देखाउने प्रथाबाट नाटक शुरू भएको हो ।

कतिपय विद्वान्हरूले भनेका छन् कि ऋग्वेद तथा त्यहाँका संवाद-सुक्तहरूबाट नाटक-को विकास भएको हो । मैक्समूलरको भनाई पनि यही नै छ । नाटक, रूपकहरूको उत्पत्ति यस्तै वैदिक-कर्मकाण्डबाट भएको हो ।

यस छोटो रचनामा विशेषतः ग्रीक र संस्कृत नाटकहरूका केही चर्चाहरू गरिने कोशिश गरिएको छ—

ग्रीक नाटकलाई सुखान्त र दुःखान्त-को रूपमा बाँड़ेको छ । ग्रीकहरूले सायन्तुला पर्वमा डायोनिसस देवीको आराधना गर्थे । यस उत्सवमा सहगान तथा नाँचको आयोजना गरिन्थे । डायोनिसस देवीले भोग्न परेका

दुःखहरू उनीहरूले गीत गाएर पोखाउँथे । त्यस नाँचमा नाँच्नेहरू बाख्राका अनुहार भएका मखुण्डोहरू लगाई गीतहरू गाउँथे। यही परंपराबाट दुःखान्त नाटकको शुरू भएको हो ।

सुखान्त नाटक पनि यस्तै नाँच-गान प्रहसनबाट शुरू भएको हो। ग्रीकमा मानिसहरू रियण्डो नामक स्थानमा देव-मन्दिरतिर मेला भई गाउँथे, नाँच्थे । त्यस उत्सवमा ठूला-ठूला अधिकारीवर्गको उपहास गरिन्थे । यसैबाट सुखान्त नाटकको जन्म भएको हो ।

ग्रीक नाटकका अगुवाहरूमा एस्काइलस, सोफोक्लीज, यूरिपाइडिस, अरस्तुलाई लिन सकिन्छ ।

संस्कृत र ग्रीक नाटकहरूमा केही भेद पाइन्छन् । भासलाई संस्कृत नाटकका अगुवा मानेका छन् । उनका नाटकहरूका समूहलाई 'भासको नाटक-चक्र' भनिन्छ । उनको प्रसिद्ध नाटकहरू 'प्रतिमा', 'अभिषेक,' 'मध्यम-व्यायोग, 'दूत-घटोत्कच, 'कर्णभार, 'दूतवाक्य, 'पंचरात्र, 'स्वप्न-वासवदत्ता, 'अविमारक,' 'चारूदत्त' इत्यादि हुन् । भासका नाटकहरूमा सरलता, स्वाभाविकता, प्रकृतिवर्णन र कवितात्मक गुणहरू पाइन्छन् । अरू नाटककार र उनीहरूका रचनाहरूमा शूद्रक (मृच्छकटिक), मुरारि (अनर्घ-राघव), विशाखदत्त (मुद्राराक्षस), कालिदास (मालविकाग्निमित्र, विक्रमोर्वशीय, अभिज्ञान-शाकुन्तल), भवभूति (मालती-माधव, महावीर-चरित, उत्तर-रामचरित) प्रसिद्ध छन् ।

ग्रीक नाटकमा हैं संस्कृत नाटकमा सुखान्त र दुःखान्तको भेद छैन् । संस्कृत नाटक प्रायः सुखान्त नै हुनुपर्छ' यसै बीचमा करूण-भावहरू पनि हुनुपर्छ । नाटकलाई प्रायः पाँच अंकदेखि दश अंकसम्म बाँड़िएको हुन्छ । घटनाहरू छोटो, अंकको अन्तमा सबै पात्रहरू रङ्गमञ्चदेखि निस्कनुपर्छ । नाटकका पात्रहरू सीमित हुनुपर्छ ।

नाटकमा हत्या, लड़ाई, विपत्ति, विद्रोह, विवाह, भोज, मृत्यु, रति-कार्य तथा दूराह्वान (टाढ़ोबाट बोलाउनु) हुनुहुँदैन । संस्कृत नाटकमा नायकको चार भेद बताएका छन्— धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त । उसरी नै नायिकालाई स्वीया, परकीया, सामान्य भनेर छुट्याएको छ । नाटकको मुख्य पात्रले संस्कृत भाषा बोल्दछन् । अरू निम्नवर्गीय पात्रहरू तथा स्त्रीहरूले प्राकृत भाषा, शौरसेनी, मागधी, अर्द्धमागधी भाषाहरू बोल्छन् ।

नाटकमा विदूषकको काम केवल हँसाउनु मात्र नभएर मुख्य पात्रलाई सहायता गर्नु पनि हो ।

संस्कृत नाटकमा 'अन्वति त्रय' [Three Unities]-को महत्व छैन । नाटकमा घटनाहरू आफ्नै ठाउँमा घट्दछन् । यसैले नाटकमा 'स्थानान्विति' [unity of place], 'कालान्विति' [Unity of time] हुँदैन । यी दुइ विषयहरू-लाई संस्कृत नाटकमा अति स्थान नदिएर 'कार्यान्विति' [Unity of action]-लाई स्थान दिइएको हुन्छ ।

ग्रीक नाटकका रंगमञ्च खुला हुन्थ्यो । ग्रीकमा प्रायः बीस हजार दर्शकवर्गले घेरा लगाएर नाटक हेर्थे । नाटकको दृश्य परिवर्तन हुँदैनथ्यो । दर्शकवर्गलाई आकर्षण गर्ने नटहरू

रंगी-विरंगी लुगाहरू र अलगो सूरका जुत्ताहरू लगाउँथे । नाटकका कार्य एकै ठाउँमा हुन्थे । नाटकका पात्रहरू मखुण्डा लगाई दर्शकहरूलाई आकर्षण पार्थे । कतिपय घटनाहरू रंगमञ्चमा नदेखाई केवल वर्णन मात्र गरिन्थे । नायकहरूका चरित्र-चित्रणको मूल्य नै थिएन । सम्वादहरूमा आलंकारिक भाषाहरू प्रयोग गरिन्थे । नाटकमा पात्रहरूको मुख मखुण्डोले ढाकेको कारण पात्रहरूको भाव-प्रदर्शन दर्शकैनथ्यो ।

ग्रीक नाटकको मुख्य विषय सहगान या कोरस हो । नाटकमा शुरूदेखि अन्तसम्म कोरस दल उभिरहन्थे । यसैले एकै समयमा एउटै कार्य देखाउनु, दृश्यलाई एउटै ठाउँमा राख्नु अनि एक दिनको अवधिमा घटित हुने घटनामात्र नाटकमा स्थान दिइयो । यसैले ग्रीक नाटकमा 'त्रय संकलन सिद्धान्त' [Three Unities— Unity of action, Unity of place, Unity of time] प्रचलित छ ।

संस्कृत नाटकमा रसलाई आत्मा मानिएको छ । यी रसहरूमा शृंगार तथा वीररसलाई प्रधानता दिइएको छ । तर ग्रीक नाटकमा रसलाई भन्दा कार्यलाई मान्यता दिइएको छ । संस्कृत नाटकमा इतिहास, पुराण तथा कल्पनालाई पनि महत्वपूर्ण स्थान दिइएको छ ।

ग्रीक नाटककार अरस्तुको 'काव्यशास्त्र'-मा नाटकको परिभाषा, वियोगान्त नाटक, महाकाव्य र वियोगान्त नाटकको तुलनात्मक अध्ययन, काव्यको जन्म, नाटकको संगठनात्मक विवेचन तथा सर्वांगात्मक प्रभावको विवेचन गरिएको छ । अरस्तुको 'अनुकरण सिद्धान्त' महत्वपूर्ण छ । प्लेटोले कलालाई अनुकरणको पनि अनुकरण मानेर सत्यबाट दुगुणा टाढो भएको तर्कलाई खण्डन अरस्तुले गरेको छ । अरस्तुको भनाइमा कला प्रकृतिको अनुकृति हो । अनुकरण दुरस्त प्रतिकृति नभएर कवि अन्तःकरणले देखेको अनुकृति हो । अनुकरणको अर्थ कल्पनात्मक पुनःनिर्माण वा वस्तुरूपक पुनःसृजन हो । त्रासदी नाटकको बारेमा अरस्तुको भनाइ छ— त्रासदी यस्तो क्रियाको अनुकरण हो, जो गंभीर, आफैमा पूर्ण र विशेष आकारको हुन्छ । जसको विभिन्न साधनद्वारा विभिन्न भागमा पाइने अलंकारद्वारा विभूषित हुन्छ, र वर्णको रूपमा होइन, क्रियाको रूपमा करुणा र भयद्वारा भावनाहरूको रेचन गर्दछ ।"

अरस्तुको नाट्यशास्त्रमा 'विरेचन-सिद्धान्त अत्यन्त महत्वपूर्ण छ । 'विरेचन'— शब्दको ग्रीक शब्दमा 'काथर्सिस', अंग्रेजीमा 'पर्गेसन' तथा हिन्दी र नेपालीमा 'विरेचन' भनिन्छ । प्लेटोले भनेका छन् कि साहित्य वा कविताले हाम्रो मनोवेग वा वासनाको दमन गर्नको साटोमा पोषण गर्दछ । अरस्तुले भनेका छन् कि काव्य तथा त्रासदी नाटकले दर्शकमनमा करुणा र त्रासको उद्बोधद्वारा मनोविकारहरूको उचित रेचन गर्नु हो । त्रासदी नाटकले श्रोताको हृदयलाई स्पर्श गरी परिष्कार गर्नु हो । अरस्तुले दुःखान्त नाटकलाई छः तत्वमा बाँड़ेका छन्—

(क) कथावस्तु— कथावस्तु इतिहास, दन्त्यकथा, कल्पना इत्यादि हुनुपर्दछ ।

(ख) चरित्र — चरित्रमा नायक प्रसिद्ध, कुलीन, भद्र, यशस्वी तथा मानव-जीवनमा केही त्रुटिहरू नभएको हुनुपर्दछ ।

(ग) पदरचना— पदरचनामा गद्य वा पद्य दुवै हुनसक्छ । भाषा सरल, अलङ्कारयुक्त, भव्य हुनुपर्दछ ।

(घ) विचार र (ङ) कोरस— मा नाटककार आफै अप्रत्यक्षरूपमा हुनुपर्दछ, अनि नाटकमा कोरसको ठूलो स्थान छ । कोरसद्वारा नाटकमा भयानक वातावरणदेखि शान्त र कोमल वातावरणमा ल्याई दर्शकवर्गलाई शान्तभाव प्रकट गरिदिन्छ ।

(च) दृश्यविधान— अरस्तुले नाटकमा दृश्यविधानलाई उति मान्यता दिइएको छैन । अरस्तुको भनाइमा दृश्यविधान नभईकन पनि त्रासदी नाटक देखाउन सकिन्छ । अरस्तुले दुःखान्त नाटकलाई मात्र होइन सुखान्त नाटकलाई पनि चर्चा गरेका छन् ।

यसरी विश्वसाहित्य संसारमा नाट्य-साहित्यको आफ्नै इतिहास र चर्चा छ । नाटकले हाम्रो जीवनसँग गहिरो सम्बन्ध राखेको छ । शेक्सपियरले संसारलाई रंगशाला, नर-नारीहरूलाई अभिनेता औ अभिनेत्री भनेका छन् ।

पेवा

—भक्त बहादुर तामाङ
एघारौं श्रेणी 'विज्ञान'

पेवा, पेवा भन्छन्
तर केही छैन पेवा
यस वसुन्धरा महाँ
केवल छ जन्मेर
मर्नु नै पेवा ।

घमण्ड, लोभ-लालच गर्छौ
समाज, आफूलाई ठग्छौ
कुमार्गमा पनि लाग्छौ
आखिर के पाउँछौ ?

पदक-तक्मा लगाउँछौ
कर्नेल-जर्नेल बन्छौ,
खून-पसिना बगाउँछौ
आखिर के लान्छौ ?

धन-दौलत वैभव थुपार्छौ
महल अट्टालिका बनाउँछौ
जुका-सरह खुन घुस्छौ
आखिर के लान्छौ ?

पेवा, पेवा भन्छन्
तर केही छैन पेवा
यस वसुन्धरा महाँ
केवल छ जन्मेर
मर्नु नै पेवा ।

मिलन

ध्रुवराज श्रेष्ठ
नवौं श्रेणी (ग)

रातले एघार बजेको सूचना दिँदा, बाहिर सिमसिमे पानी परिरहेको थियो । त्यस रात औंसीको रात भएको कारणले गर्दा बाहिर निस्पट्ट अन्धकार छाइरहेको थियो । त्यस बेला दार्जीलिङमा सबै मानिसहरू निन्द्रा देवीका काखमा परिसकेका थिए । त्यस समय बाहिर कुकुरहरू जोड्जोड्ले भुकिरहेको थियो र त्यहाँ कुकुरको आवाज सिवाय अरू केही पनि सुनिँदैन थियो । पूष-माघ महीना भएकोले गर्दा त्यहाँ खुबै ठण्डा थियो । परीक्षा आउन दुइ-तीन महीना मात्र रहेको हुनाले तीं दुइ मित्रहरू इलास र दानिएल एक-एक मिनटलाई पनि बहुमूल्य समय ठानेर आफ्नो अध्ययनमा व्यस्त थिए ।

तीं दुइ मित्रहरू इलास र दानिएल बाल्यकालदेखि नै एउटै स्कूलमा सँगै पढ्दै आइरहेका थिए । तीं दुवै जना ज्ञानी भएकोले गर्दा, सानैदेखि परीक्षामा उत्तीर्ण हुन्थे । तिनीहरूको सानैदेखि आपसमा राम्रो मेल मिलाप थियो । तिनीहरू सँगै स्कूल आउँथ्यो, सँगै खेल्थ्यो र सँगै घर फिर्थ्यो । तर समयले कसैलाई नपर्खिन्दोरहेछ । किनभने उनीहरूको माध्यमिक परीक्षा आउन पनि केवल दुइ हप्ता मात्र बाँकी छ । यसैले दिन-रात केही नहेरी पढ्नुमा उनीहरू तल्लीन थिए । आजदेखि उनीहरूको परीक्षा आरम्भ भयो । यसरीनै दिन-दिनै उनीहरूको परीक्षा हुँदा हुँदै समाप्त पनि भयो । परीक्षा सकिएको खुशियालीमा उनीहरू काठमाडौंतर्फ आफ्नो कदम बढ़ाए । त्यहाँको रङ्गीचङ्गीमा मस्त भएर उनीहरूले एक महीना त्यहीं नै बिताए । फेरि काठमाडौंको मोजमजा-लाई त्यागेर आफ्नो जन्मस्थलतर्फ आगमन भए ।

यसरी नै परीक्षा फल निस्कन अघि उनीहरू घुमफिर गरेर नै समय बिताउँछ । परीक्षाको प्रतिफल आज निस्कियो भन्ने सुनेर इलास र दानिएल पनि प्रतिफल हेर्न आफ्नो स्कूलतर्फ जान्छ । भाग्यवश तीं दुवै मित्रहरू प्रथम दर्जामा सफलता पाउँदा अतिशय आनन्दित महसुस गर्छन् । त्यस समय तिनीहरू यतिसम्म खुसी थिए कि, खुशीले सीमा पार गरिसकेका थिए । यसरीनै हर्षित मन लिएर तिनीहरू आ-आफ्नो घरतर्फ लागे । यसरीनै दिन बित्दै जाँदा एघारौं श्रेणीमा भर्ना हुने दिन आइपुग्छ ।

इलास एक डाक्टरको छोरो, उसलाई पैसाको केही अभाव थिएन् । यसैले उ दार्जीलिङ्को सेन्ट जोसेफ कलेजमा एघारौं श्रेणीमा भर्ना हुन्छ । तर दानिएल एक चप्रासीको छोरा, बाबु एकजनाको कमाइले घरका पाँच-पाँच जनाको पेटपूर्ण गर्न एकदमै चर्को पर्छ । फेरि उसकी बुढ़ी आमा पनि क्षय रोगी छिन् । यी सबै कारणले गर्दा उसलाई पढ़न बाध्य गराउँछ । पढ़नु ता एकदमै इच्छा हुन्छ नी, तर तीं इच्छा मै सिमित गराउन परिस्थीतिले कर लगाउँछ । अचेलको यो जमानामा एम० ए०, बी० ए० गरेकोले नोकरी पाउँदैन भने, झन् दानिएल ता दशौं श्रेणी मात्र पढ़ेको, उसले ता केही काम पनि पाउँदैनन् । अचेलको

मानिसहरूले नोकरी पाएन भने कि ता चोर बन्छ कि ता माँग्ने । यस्तै परिस्थीतिको भुँवरीभित्र परेकोले गर्दा उसलाई चोर हुन एकदमै कर लगाउँछ । यसैले च कालिम्पोङको एक भयङ्कर चोर बन्छ । ती चोरेका पैसाहरू ल्याएर घरमा चाँहि कमाएर ल्याएको भनेर उसले झुठ बोल्थ्यो । यत्ति बेलासम्म ता उसकी आमाको मृत्यु भइसकेको थियो । किनभने गरिबीको कारणले गर्दा उसकी आमाले असल-असल दवाईहरू पाउँन सक्दैन । उता इलास पाँच-छः वर्ष अध्ययन गरेर कालिम्पोङको एक पुलिस इन्सपेक्टर भएर आउँछ । उसलाई दानिएलसँग भेट्ने खुबै ठुलो इच्छा भएको हुन्छ, तर यो इच्छा साकार भइसकेको हुँदैन ।

एक रात बाह्र बजी दानिएल एउटा घरमा चोर्न भनेर जान्छ । उसले त्यो घरको मूल ढोका फोरेर भित्रको दराज खोल्न लागेको बेलामा उसको छातीमा गोली लाग्छ । त्यो घर पुलिस इन्सपेक्टर इलासको हुन्छ । इलास दर्गुदै त्यस मृत शरीरको छेउमा गएर राम्ररी नियालेर हेर्छ । उसका ती हातहरू त्यस मृत शरीरको हातलाई समाउन पुग्छ । तब उ झसङ्ग झस्किन्छ । कारण दुवैजना एक दिन मेला घुम्न जाँदा हातमा दुवै जनाले खोपेको हुन्छ, र आज त्यस मृत शरीरको हातमा पनि त्यहा दाग देख्दा उसले सहजै चिन्न सक्छ कि यो मृत शरीर दानिएलको हो । तब उसले एकदमै पछितो गर्न थाल्छ । तब उसको कानमा दार्जीलिङ सेन्ट जोसेफ कलेजमा पढ्न जान अघि दानिएलले भनेका शब्दहरू गुञ्जिन थाल्छ— "तिमी ता फेरि एघारौं श्रेणी पढ्न दार्जीलिङ्ग जाने रहेछौ । इलास, भगवानले तिमीलाई साथ देओस्, म अब पढ्न सक्दिन, किन भने मेरो बाबुको कमाइलेमात्र के खानु, के लाउनु अनि के पढ्नु ? फेरि मेरी आमा पनि क्षय रोगको शिकार ! तिमीले मलाई भुल्छौ होला, तर, म तिमीलाई भुल्नसक्दिन ! हाम्रो भेट भइरहोस् ।" तब इलासको आँखाबाट दुइ थोपा आँसु खस्छ, तप ..... तप ।

गोधूलिका मुस्कानहरू

—कर्ण थामलिङ्ग
सातौं श्रेणी

गोधूलिका क्षितिजहरू
जीवनका गीतहरू
मुस्कान बनी हाँसिदिन्छ,
तर रुवाईमा
आँशु झारी रोइदिन्छ,
तर हाँसोमा
मुस्कान छरी हाँसिदिन्छ ।

गोधूलि ! तिम्रो क्षितिजहरूमा
केवल मुस्कानहरू छरिएका हुन्छन्,
त्यसैले होला
तिमीपछि उदाउने ती चन्द्रमा
उज्यालाका किरणहरू बोकेर आउँछ,
यनि त्यसैले मबाट तिमीलाई
हरप्रकारको बधाई छ ।

तिमी त्यो क्षितिजमा संकुचित छैनौं
तर तिमी त्यो क्षितिजमा लोप भएर पनि
पूर्णिमाका चन्द्रमाका हातहरू
उज्याला किरणहरूको
कोसेली पठाइदिन्छौ,
त्यसैले –
तिम्रा ती क्षितिजहरू
जहिले पनि
केवल मुस्कान छरी हाँसिदिन्छन् ।

जीवन—मेरो कल्पनामा

—जया प्रधान
दर्शो श्रेणी 'क'

मेरो कल्पनामा जीवन एउटा
हृदयविदारक कहानी जस्तो
लक्ष्यदेखि टाढा रही
आकांक्षामै, कल्पनामै
उद्देश्यमै झुण्डिरहेको
संघर्षमा पराजित भएर
हरेस खाएको प्रतियोगीको
निराशापूर्ण मुहार जस्तो ।

मेरो कल्पनामा जीवन एउटा
पतझड़को मौसम जस्तो
वसन्तको हरियालीको
रंगीन फूलको सौन्दर्यको
विहङ्गमको सुरिलो आवाजको
प्रतीक्षामा अल्झिरहेको
शिशिरको रूखो धरतीलाई
तड़पाइरहेको तृष्णा जस्तो
मेरो कल्पनामा जीवन एउटा
कष्टपूर्ण यात्रा जस्तो
लक्ष्यमा पुग्ने आशा राख्दै
अनेक विघ्न-बाधा सहँदै
शरीरमा पसीनाको धारा बहाउँदै
हिँड्दा-हिँड्दा थाकेर
चौतारामा बिसाएको
थकित यात्रीको सुस्केरा जस्तो ।

The Annual Sports Meet -1981

The opening March Past

श्री दर्शन कर्थाक, बी० ए०, बी० टी०

[श्री डी० आर० वराल]

जुन वेला टिस्टा नदीको गड़तिरमा स्थित भएको 'गेल स्टेशन' सम्म रेल आउ-जाउ गर्थ्यो त्यस वेला यहाँको जन्म लहीं रेल-कर्मचारी-हरूका निवासस्थानमा ६ जुलाई १६१८ सालमा भएको थियो । यहाँका पिता स्व० श्री बायकसिंग कर्थाक रेलका एक कर्मचारी थिए । यहाँ परिवारमा तीन भाइ छोराहरू र एक बहिनी छोरी मध्ये माईला हुनुहुन्थ्यो । यहाँ सपरिवार १९२२ साल तिर बर्सै सरेर यता कालिम्पोङ्ग महकुमाको सिन्देबोंग बस्तीमा बसो बासो गर्न लागे । यहाँको प्राथमिक शिक्षा ११ माइल 'लिलो वाक् प्राथमिक विद्यालयमा' पूर्ण भएपछि सन् १९३३ देखि पाँचौं श्रेणीमा भर्ना भई एस० यू० एम० आइ० विद्यालयमा विद्योपार्जन गर्न लाग्नु भयो । प्रत्येक श्रेणीमा आफ्नो लगन र परिश्रमले पास हुँदै सन् १९३५ सालमा सातौं श्रेणीमा पुग्नु भयो । त्यस वेला यहाँका पिताज्यू रेलवेको काम छाड़ी आसाममा कोइलाको खानीमा काम गर्न गएका थिए । यसरी यहाँका पिताज्यू विदेशिँदा यहाँको परिवारमा आर्थिक अवस्था बिग्रँदै गएकोले इच्छा हुँदा हुँदै पनि उच्च शिक्षा लिनसक्नु भएन । जसरी भए पनि सहजतापूर्वक सातौं श्रेणी पास गर्नु भयो । यही बीच यहाँले गुरु ट्रेनिङ्ग लिने विचार गर्नु भयो र सन् १६३६ साल भरी यहाँ विद्यालयमा रहेको गुरु ट्रेनिङ्गमा संलग्न रहनु भयो । यो शिक्षक तालिम पनि यहाँले कुशलतापूर्वक पास गर्नु भयो । यहाँको कार्य्य-कुशलता तथा तीक्ष्ण बुद्धिमा मुग्ध भएर त्यस वेलाका एस० यू० एम० आई० का प्रिन्सीपल महोदय रेभ० जी० एस० मील, एम० ए०, बी० एस्सी०, डिप-इन-एड-ले सन १६३७ सालको फरवरी महीनामा यहाँलाई प्राथमिक विभागमा शिक्षकको काममा नियुक्ति दिएका थिए । यहाँले योग्यतापूर्वक सन् १९३७ देखि १९४१ सालको मध्य सम्म शिक्षकको काम गरिरहनु भयो । यही अवधिमा यहाँले निजी पढ़ाइ गरी सन् १६३९ सालमा असल दर्जामा मेट्रिक्युलेशनको परीक्षा पारित गर्नु भएको थियो । यही सालको सेप्टेम्बर महीना देखि शुरू भएको विश्वव्यापी द्वितीय महासमरले १९४१ साल तिर उग्र रूप लिइ सकेको थियो । यस विद्यालयबाट उच्च श्रेणीका कति छात्रहरू तथा शिक्षकहरू भकाभक सेनामा भर्ती हुन लागेका थिए । सेनामा भर्ना भई महायुद्धमा भाग लिनेहरू मध्ये यहाँ पनि एक हुनुहुन्थ्यो । सन् १९४२ सालको मध्यतिर यहाँ पनि V. C. O. मा भर्ना भएर जानु भयो । यहाँ आफ्नो सैनिक तालिम पश्चात R. I. A. S. C. विभागमा खटिनु भयो । यही विभागमा रही भारतदेखि दक्षीण पूर्व भागमा युद्ध सेवामा लागिरहनु भयो । सैनिक-जीवनमा प्रवेश गरे पछि कैयन् नयाँ ठाउँहरूको भ्रमण गर्ने मौका यहाँलाई मिल्यो । युद्धको अनुभवमा यहाँका छेउ-छाउ कैयन् बम विस्फोटन तथा हवाई आक्रमणहरू भएका थिए । सैनिक जीवनको अनुभवमा यहाँले सुनाउनु भएको एउटा घटना याद आउँछ— एकपल्ट बर्माको राजधानी रङ्गूनमा रहँदा अवकाशको समय एकाध साथीहरू सित भ्रमणार्थ निस्कनु भएछ । एउटा साधारण होटेलमा खाद्य पदार्थहरू

खूब सजाएर राखेको देख्नु भएछ । यहाँ आफ्ना साथीहरूसित त्यस होटेलमा पस्नु भएछ । खादय जिनिसहरू हेर्दै जाँदा त्यहाँ गोलो-गोलो मासुको टुक्रा तेलमा खराएर खूब स्वादिलो तरिले राखेको देख्नु भएछ । साथी-लाई भने "यार त्यो खाऊँ न ?" साथीले उत्तर दिएछन् "अरे, यार त्यो ता धान चरी (मुसो) हो ।" यहाँ मुसोको मासु यस प्रकारले बिक्री गर्छन् ।" साथीको जवाफ सुन्दा यहाँलाई खूब बाक्-बाकी लागेछ ।

सन १९४५-को अगस्त महीनातिर संयुक्त राष्ट्र अमेरिकाले जापानको हिरोशिमा र नागासाकी शहरहरूमा 'अणुबम' प्रहार गरी असंख्य जीवात्माको नाश गरेपछि युद्ध विरामको चर्चा चल्न थाल्यो । कतिपय मोर्चाहरूमा जापानले आत्म-समर्पण गरिसकेका थिए । यसै बेला यता उता सरुवा भएपछि सन १९४७-को शुरू तिर यहाँले पनि सैनिक जीवनबाट अवकाश ग्रहण गरी यता कालिम्पोङ्ग फर्कनु भयो । केही दिन पछि सन्त जोसेफ कन्भेन्टमा फेरि शिक्षकको काम शुरू गर्नु भयो । यही साल यहाँ दाम्पत्य जीवन बन्धनमा बाँधिनु भयो । यहाँको शुभ-विवाह सुश्री साङ्गे ल्हामूसित सुसम्पन्न भयो । सन १९५० सालमा निजी पढ़ाई गरी आई० ए०-को परीक्षा असल दर्जामा पास गरी फेरि एस० यू० एम० आई०-मा शिक्षकावृत्ति गर्न लाग्नु भयो । यहीं आफ्नो काममा व्यस्त रहँदै निजी पढ़ाईलाई जारी राख्दै यहाँले १९५७ सालमा स्नातक [बी० ए०]- को परीक्षा दिई असल दर्जामा पास हुनु भयो । निःस्वार्थ भावले आफ्नो कार्यमा संलग्न रही यहाँका शिक्षकवर्ग तथा छात्रहरू माझ एउटा आदर्श नमुना बन्नु भएको थियो । यहाँ अझ अघि बढ़ि नै रहनु भयो । सन् १९६९ सालमा यहाँले दार्जिलिङ्ग रामकृष्ण बी० टी० कालेजबाट बी० टी०-को परीक्षा पनि पास गर्नु भयो । सन १९७६ सालको अन्त्यमा यस विद्यालयका सह-प्रधान अध्यापक स्व० श्री एल० पी० टी० रोङ्गोङ्गले पूर्ण अवकाश लिए पछि १९७७-७८ साल भरी यहाँले सह-प्रधान आध्यापकको कार्य भार सम्हाल्नु भयो । यहाँले १९७८ सालमा आफू रोगग्रस्त हुँदा हुँदै पनि योग्तापूर्ण रुपले यो कार्यभार वहन गर्नु भयो । सन् १९७८ सालको अप्रेल महीना तिर यहाँ सिक्किस्त बिरामी पर्नु भयो । यहाँलाई कालिम्पोङ्ग महकुमा चिकित्सालयमा भर्ना गरियो । यहाँको रोगको टुंगो नलाग्दा सिलिगुड़ी 'नोर्थ बेंगाल क्लिनिक'-मा उपचारको निम्ति लगियो । यहाँ मरणासन्न अवस्थामा प्रायः महीना दिनसम्म रहनु भयो । यहाँको बीच भुँड़ीका भारी शल्य चिकित्सा गरी यहाँको भुँड़ी भित्रबाट रोग-(Duodenal ulcer) निकालियो । यो रोग बाट मुक्त भएर पनि यहाँ फेरि आफ्नो स्कूलको काममा व्यस्त हुनु भयो । १९७८ देखि उसो आफ्नो अधिकारले पाइने थप वर्षको (Superannuation) केही परवाह नगरी त्यही सालको दिसम्बर महीनादेखि आफू खुशीले पूर्ण अवकाश लिनुभयो । यहाँले यस विद्यालय-मा प्रायः २५ वर्षसम्म निःस्वार्थ भावले एउटा आदर्श शिक्षकको रुपमा आफ्नो सेवा दिनु भयो । यहाँका अनुकरणीय गुणहरूमध्ये कालेज र विद्यालयका उच्च श्रेणीहरू नदेखी-कनै स्नातकको डिग्री आफ्नो निजी पढ़ाईको भरमा हासिल गर्नु भयो ।

यहाँका मुख्य शौकहरू मध्ये—दल बाँधेर धनु-कांड़ हान्नु, यहाँका धनु-कांड़का दलमा

थिए स्वर्गीय सर्वश्री एल० पी० टी० रोडगोड, आखेछिरिङ्ग (भुँड़े सर), अमृत प्रधान आदि, स्थानीय जातिहरूका कलाकृति वस्तुहरूको संग्रह गर्नु, फूटबल, हाकीका खेलहरू इत्यादि थिए । अवकाशको बेला यहाँ आफ्नो जाति सेवामा संलग्न रहनु भएको छ । यहाँ अत्यन्त सरल, नम्र, मिलनसार, सदैव हँसमुख रहने एउटा सज्जन हुनु हुन्छ । यहाँको सपरिवार भावी जीवन मंगलमय रहोस्, दीर्घायु रही अझ सेवा भावनाले प्रेरित रहोस् भन्ने यस 'विद्यालयले आफ्नो शुभकामना प्रकट गर्दछ ।

प्रकृतिप्रति

भीम प्रसाद शर्मा
दशौं श्रेणी 'क'

अहा ! चारैतर्फ सुन्दर प्रकृतिमा
छाइरहेछन् हरिया वनस्पति
ठूला साना वृक्ष-पातमा
सुगन्ध फैलिरहेछ जुनेली रातमा
साँझको सुनौलो किरणमा
बिहानीको शितका थोपामा
दिनका सूर्यका प्रतापमा
हाँसिरहेछ सुन्दर प्रकृति ।
वर्षाको अमृतमय रसले
तिर्खाएका हजारौं प्राणीलाई
जाग्ने जोश साहस बड़ाई
ओइलिएका पिपिरा बिरूवालाई
फल्न र फूल्न लगाई
यी सब तिम्रै आधारमा
बग्छन खोला नदी सबै
तिम्रो मिठो आह्वानमा ।
विश्वका हरेक मानवले
प्रहार तिमीमाथि गरेता पनि
कति घात र प्रतिघात पनि
सहिरहेछौं केही नभनी – तर
जहिले पनि तिम्रो मुहारमा
मिठो हाँसो अनि खुशी
हेर उसको शान्त आकृति
हाँसिरहेछ सुन्दर प्रकृति ।
पारिका ती निर्झर झरना
हरिया ती डाँड़ा र काँड़ा
आकाशका ती बादल सेता
कहिले यता कहिले उता
स्वच्छ ती खोला नदीहरू
बगिरहेछ सुस्त स्वरमा
व्यस्त छ यो सुन्दर प्रकृति
प्रत्येक थोपा जल-प्रवाहमा ।
तिम्रै करूणा र दयामा
बाँचिरहेछु यस विश्वमा
तिम्रै ती कोमल काखमा
ढल्किरहेछ मिठो कल्पनामा
चारैतर्फ तिम्रा अंग-प्रत्यंग
विस्तृत छन् अँगाल्न सबलाई
अभिनन्दन छ मेरो कोटी–कोटी
हाँसिरहने सुन्दर प्रकृतिलाई ।

हास्य–प्रसंग

शिमोन लामा
दशौं श्रेणी 'ख'

[एक जना बिमारी डाक्टरकोमा जाँदा]

बिमारी—डाक्टर साहाब मेरो पेट साह्रै दुख्दैछ।

डाक्टर—तिम्रो पाइखाना कस्तो छ?

बिमारी—के गर्नु डाक्टर साहाब, टीनले बारेको छ।

× × ×

रमेश—[हिन्दी गीत गाउँदा] "तेरे सामनेवाले खिड़की में एक चाँदीका टुका रहता है।"

रतन—तैंले कहिले देखिस्? अस्ति नै भनेको भए मेरो भाग्य खोलिने थियो।

× × ×

[गाउँले पाठशालाका गुरु र शिक्षक माझ वार्ता]

गुरु—कुन सुनको दवाई हुन्छ?

श्याम—लसुनको।

गुरु—गरीब दुःखीहरूले पनि प्रशस्त मात्रामा "ली" देखेको हुन्छ। त्यो कुन हो?

श्याम—खुली।

गुरु—कुन "राई" कालो हुन्छ?

श्याम—कराई।

गुरु—श्याम तिमीले सबै प्रश्नको उत्तर एक-एक शब्दमा दियौ; अब भन "कुन राई हलुंगा हुन्छ?"

श्याम—मुराई।

× × ×

गुरु—[सन्तोषलाई प्रश्न गर्छ] तैंले सरलाई बिमार भएको विषयमा चिट्ठी लेख्दा अन्तमा के लेख्छस्?

सन्तोष—[छोटो उत्तरमा] भूल भए माफ पाऊँ, दया भए जवाब पाऊँ।

× × ×

नूतन—[पानी परेको बेला]—आज पानी पर्छ होला भनेर मैले छाता ल्याइनँ।

कुमार—मैले चाहिं पानी पर्दैन भनेर छाता ल्याएँ।

भानुप्रति

बिजय कुमार ठटाल
एघारौं श्रेणी (विज्ञान)।

हे भानु! जसरी यहाँ नव-जागृति ल्यायौ;
यसरी, यहाँ एउटा प्रगतिको फूल फुलायौ;
नेपाली सारालाई सुपथमा डोऱ्यायौ,
दिएर भाषा यो जाति जगायौ।
पहाड़, पर्वत औ गौचर वनमा,
गुञ्जियो रामायण, यो जातिको मनमा;

कविताले रस छर्की, मन्त्र दियौ यो जनमा,
भुल्ने छैनौं तिमीलाई, यस आउँदो क्षणमा।
अति शुद्ध र सरल यो तिम्रो भाषा,
अल्झिएको छ जातिमा, रहेर मनमा खास,
तिमीले रचेका, रामायणको कदापि हुन्न नाश,
यसैले लेख्दछु यो कविता, लिएर उच्च आशा।

कुलैन (कुइनाइन) खेता विस्तार

श्यामबहादुर थापा
नवौं श्रेणी 'ख'

आजको आधुनिक युग प्रगतिको युग हो। समाज र देश उन्नतिको साथ-साथै विज्ञान र कलाको उत्तरोत्तर उन्नति भइरहेछ। यसरी बढ्दो उन्नति र सभ्यताको साथ साथै फेरि यता विभिन्न प्रकारको रोगको प्रकोप बढ़िरहेछ, अझ बढ़ने संभावना छ। यस्तो विभिन्न डरलाग्दो रोगको प्रकोपलाई सामना गर्ने ओखती, अरू ओखती बढ़ी कुलैन (कुइनाइन) पौधामा पाईन्छ। यसले प्रायः सबै रोगहरूको औषधीको काम गर्छ। फेरि औंले ज्वरोको ता रामबाण ओखती भने अत्युक्ति नहोला। यस्तो महान् ओखतीको नाम कुलैन हो। यसर्थ प्रत्येक शिक्षित या अशिक्षित व्यक्तिले यो महान् ओखतीसित परिचित हुनु आवश्यक छ।

कुलैन खेतीको विस्तारलाई ध्यान राख्दा सर्वप्रथम त बिजन छिटाईको काम आउँछ। यसको निम्ति 'छिटाई लाईन नर्सरी पलेंटा' बनाएको हुन्छ। त्यस छिटाई लाईन नर्सरी पलगमा चाहिँदो मात्रामा माटो-मलमट्टी (leaf-soil) फिटेर असल खालको बिऊ छिट्छन्। बिऊ छिटने समय मार्चको दश तारीख हो। बिऊ तयार गर्नको निम्ति राम्रो बोट छानेर फेक्टरीकहाँ जाँच गर्नको निम्ति पठाईन्छ। अर्थात् त्यो असल बोटको बोक्रा दुइ ईंच लम्बाई र एक ईंच चौड़ाई भएको काटेर निकालिन्छ। जाँच भएपछि कुन रंग कस्तो छ? कति प्रतिशत (%) ओजन वस्छ, जानकारीको निम्ति गाछ नम्बर र गाछको रंग छुट्याएर पठाउँछ। त्यस अनुसार बिजन टिपेर सुकाउने काम गरिन्छ। यी सुकाएका बिजनलाई एकदमै हिफाजतले राखिन्छ। जब बिऊ छिटने समय आउँछ, तब होशियारसित यसलाई छिट्ने काम गर्छ। जब बिजन छिटिन्छ, त्यसको बाईस दिनदेखि तीस दिनभित्रमा उम्रिसकेको हुन्छ। ती उम्रेका बिजनलाई चाँहिदो मात्रामा सिहार गोड़ाई गर्नुपर्छ। ज्यादा मात्रामा घाम-पानी भिए बिजन बिग्रिने संभावना हुन्छ। यसलाई सिन्का पनि दिईन्छ, (मसिना बाँसको सिन्का) जसले गर्दा बिजनको फेदलाई लेउदेखि बचाउँछ, अर्थात् गाछलाई बढ़नमा मदत दिइन्छ। यति भएपछि एक ईंच × एक ईंच (1"x1') नर्सरी लाईनमा बिजन सार्ने काम आउँछ। यो सार्ने काम भन्दा पहिले एक ईंच × एक ईंच नर्सरी लाईन तयार भएको हुनुपर्छ। यो सार्ने काम मई महीनादेखि जून महीनासम्म हुन्छ। यसबाट फेरि तीन ईंच × तीन ईंच र चार ईंच × चार ईंच नर्सरी लाईनमा सार्ने काम आउँछ। यो बिजन सार्ने काम जुलाईदेखि अगस्त महीनाभित्रमा सारिसकेको हुनुपर्छ। यो भन्दा अघि नै नर्सरी लाईनमा माटो-मलमट्टी फिटेर तयार गरेको हुनुपर्छ। यो नर्सरी-लाईनलाई पर्याप्त मात्रामा घाम-पानी नछिर्ने गरी छाना (roof) र बार लगाएको हुनपर्छ। यसरी यी तीन ईंच × तीन ईंच र चार ईंच × चार ईंच बिजनलाई समय र हावा-पानीको ध्यान राख्दै, सिहार पानी र गोड़ाई गरेर राख्नु पर्छ। यो सिहार गरेर राखेको बिजन गाछ अर्को साल मात्र बगानमा लगाउने काम आउँछ। विशेष गरी कुलैन गाछ

पाँच थरिको पाउँछौं। ती मध्ये यिनीहरू मुख्य हुन् : (क) सिक्सीरुपा (ख) रुपवस्टा (ग) कालीशर (घ) हाइब्रेट (ङ) गोटेमाला। यी बाहेक यस-बाट विभिन्न हाँगा छटाएका गाछहरू पनि पाउँछौं।

अब कुलैन खेती फसरी लाउने भन्ने प्रश्न उठ्छ। यसमा केही सन्देह छैन। यसको खेती सरलताको साथ गर्न सकिन्छ। पहिले ता कुलैन लगाउनको निम्ति नयाँ जमीनको आवा-श्यक्ता पर्दछ। यसको निम्ति असल जग्गा चुनेपछि त्यहाँ जंगल फाँड्-फुँड् गरेर सफा बनाउँछन्, अनि देवल-सफा र दुइ फूट खनी (दुइ फूट काँटाले खन्नु) चाहिँदो मात्रामा रासायनिक मल लगाएर जग्गा बनाईन्छ। त्यस-पछि चार-चार फूटमा (4'×4') खुट्टी गाड्नु-पर्छ। अब त्यसपछि थलो खनाइको काम आउँछ त्यसमा बाह्र इंच×पन्ध्र इंच गहिराई र गोलाई थली खनी त्यसमा चाहिँदो मात्रा-मा रासायनिक मल लगाईन्छ। त्यसपछि थली पुराईको काम आउँछ। साथै गह्रा पनि बनाईन्छ। त्यसपछि जलवायु र समयको ध्यान राख्दै मई, जून र जूलाईभित्रमा नर्सरी लाईन-मा तयार भएको बिजन यस थलीमा राखिन्छ। यसरी राखेको दुइ या अढ़ाई महीनाको अवधिमा समय हेरेर गोड़ाई, फँड़ाईको काम गर्छ। त्यसपछि अगस्त र सितम्बर महीनामा हाते-काँटा लगाईन्छ। यति गरे पछि जति जति समय बित्दै जान्छ, त्यसरी नै समयानुकूल अनुसार सिहार, गोड़ाई, फँड़ाई गरिन्छ। जब सम्म तीन र चार वर्षको गाछ हुँदैन, तब सम्म गाछलाई बढ़ी ध्यान दिनु आवश्यक पर्दछ। तर जति जति गाछ बढ़छ त्यति त्यति गोड़ाई र फँड़ाईको आवश्यक्ता पर्दैन अर्थात् वर्षमा एकपल्ट मात्र फँड़ाईको काम गरे हुन्छ।

जब गाछ तीन–चार वर्ष पुग्छ, त्यसबेला छटाई र मरुवा गाछ निकालिन्छ। यसरी छटाई र मरुवा गाछ निकालेपछि अझ सप्रेर बढ़ने मौका पाउँछ। यसलाई उखेल्ने (uproot) अवधि सोह्र वर्ष हो भने 'कपीस' गर्ने आठ वर्ष हो। 'कपीस' गर्दा जमीनदेखि माथिको भागमा आराको सहायताले काट्छन्। जुन काटेको भाग वा बोट र हाँगा कुटेर बोक्रा निकालिन्छ भने फेदको भाग वा जमीनमुनि-को भाग जो केही महीनापछि टुसाउँन थाल्छ। त्यसलाई तीन–चार वर्षमा छटाई र मरुवा निकालिन्छ, भने आठ वर्ष पुगेपछि उखेलिन्छ। यसलाई उखेल्ने समय नोभेम्बर, दिसम्बर, जनवरी र फरवरी महीना हो। कुलैनलाई तीन भागमा विभक्त गर्न सकिन्छ : जरा, डण्ठा र डाली। यी तीन प्रकारको बोक्रा (Bark)-को मूल्य बेग्ला-बेग्लै छ। यसलाई गाछबाट छुट्याईन्दा पनि बेग्ला–बेग्लै राख्छन्। यसलाई 'ठिका–बिका' (तौल नियम) अनुसार जति हुन्छ, तौलेर गोदाम लान्छन्। गोदाममा विभिन्न तरिकाले केलाई, सुकाई गरिसकेपछि जब पूर्णरूपमा सुख्खा हुन्छ तब त्यो जरा, डण्ठा र डालो भिन्दा-भिन्दै बोरामा भर्छन्। यसलाई अन्तमा फेक्टरीमा पुऱ्याईन्छ। त्यहाँ विभिन्न वैज्ञानिक तौरले बोक्रालाई पेलेर पिठोको रूपमा परिणत गर्छ। त्यहाँबाट पैठारी गरी कलकत्ता पुऱ्याईन्छ। भने विभिन्न औषधि रूपमा प्रयोग गरिन्छ, त्यसपछि देश-विदेशमा चलान गरिन्छ।

करोड़ौं जनसंख्याको बिचमा प्रगतिपछि लाखौं संख्यामा रोगी र पिड़ित छन्। यस्तो बढ़दो रोगको छुटकाराको निम्ति यसको माग झन् बढ़दैछ भने बढ़दै गएको छ। यसको खेती-कोनिम्ति सरकारले पनि बढ़ी ध्यान दिएको छ। झन् आउँदा दिनहरूमा कुलैन-औषधि पौधाले देशको भविष्य उज्वल बनाउनेछ।

म कवि हुनु चाहन्नँ

प्रभात रिजाल
नवौं श्रेणी 'क'

कहिले नीलो आकाशमाझ,
कहिले पर्वतका टाकुरामा पुग्ने
कहिले बिहान, कहिले साँझ,
कल्पनामा गुम्सिएर बस्ने
म कवि हुनु चाहन्नँ ।

आँशुको सागरमा पौड़ी खेलेर,
हाँसोको किनारमा पुग्न खोज्ने
आफ्नो गुनासो कागजमा पोखेर
म कवि हुनु चाहन्नँ ।

यो सुन्दर जीवनदेखि
विमुख भएर,
विपना र सपना एक पार्ने
कलमको दास म
कुनै महान् कवि हुनु चाहन्नँ ।

वर्तमान साहित्यः एक अवलोकन

नोयेल रोर्गोंग
भूतपूर्व छात्र

युगानुसार नै साहित्यको निर्माण हुन्छ, साथै यसको विकास अनि हुन्छ -परिवेशानुसार यसको परिवर्त्तन पनि । यति लामो अवधि पश्चात् आज नेपाली साहित्यले विकास गर्दै उच्चस्थान ओगट्न सकेका छन् । स्व० देवकोटा, स्व० धरणीधर, स्व० सम औ स्व० लेखनाथ आदि (तथा अन्य-अन्य) जस्ता साहित्यका महान् विभुतिहरूले भने जस्ता पौष्टिक भोजनहरू दिएर बलियो बनाई हाम्रा साहित्यरूपी दुब्ली आमाको भेष परिवर्त्तन गरिदिई ठूलो अभावलाई पुर्ति गरिदिएका छन्—यसैले आज यो साहित्य बलियो छ, घनो छ अनि छ—विकासशील ।

